बैठक नं: ८९

आज मिति २०७८ चैत्र ७ गते सोमबार का दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ८९ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

## अन्य उपस्थिति

१. राम प्रसाद शर्मा नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. शिवलाल श्रेष्ठ, प्रा. अ. छैठौं तह प्रशासन तथा योजना शाखा
३. शिव सापकोटा अधिकृत छैठौं आर्थिक विकास शाखा
४. टिकाराम बराल इन्जिनियर पूर्वाधार शाखा
५. विनोद थापा लेखा अधिकृत आर्थिक प्रशासन शाखा
६. करुणा हरी सापकोटा सूचना प्रविधि अधिकृत सूचना शाखा
७. भुपाल लामिछाने स्वकीय सचिव (नगर प्रमुख)

**मिति २०७८।१२।७ गतेको ८९ औं नगर कार्यपालिकाको बैठकमा छलफलका लागि पेश भएका विषयहरु**

१, कोभिड महामारीबाट प्रभावित सवारी पार्किङ शुल्क वापत ९ महिनाको अवधिको म्याद थप गर्ने सम्वन्धमा ।

२, नगरपालिका क्षेत्रमा अटो संचालनका क्षेत्र र अटो संख्या एकिन गरी संचालन अनुमती दिने सम्वन्धमा ।

३, निम्नानुसारका संस्थागत विद्यालयमा थप कक्षा संचालन अनुमती उपलव्ध गराउने सम्वन्धमा ।

- क) नेक्सस मन्टेश्वरी स्कूल देवचुली - १३ (२०७५ मा कक्षा ३) लाई कक्षा ४ को अनुमती
- ख) पाठशाला मन्टेश्वरी स्कूल देवचुली - ३ (२०७५ मा कक्षा १) लाइ कक्षा २ को अनुमती
- ग) बैदिक कर्मकाण्ड आवासीय विद्यालय देवचुली -२ कक्षा ९ को अनुमती

४, दुम्कौली अस्पताललाइ प्रदेशस्तरीय कायम गर्नका लागि सिफारिस गर्ने सम्वन्धमा ।

५, मौसम जन्य विपदको सम्वेदनशीलताको पहिचान गरी सिफारिस गर्ने सम्वन्धमा ।

६, प्रहरी चौकीका लागि जग्गा उपलव्ध गराउने सम्वन्धमा ।

७, जन प्रतिनिधि र कर्मचारीहरुको अवलोकन भ्रमण सम्वन्धमा ।

८, सहजीकरण समिति गठन गर्ने सम्वन्धमा ।

Scanned with CamScanner

मिति २०७८।१२।७ गतेको ८९ औं नगर कार्यपालिकाको बैठकमा छलफल गरी निर्णय भएका विषयहरु

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा विगत आ.व. २०७७/०७८ मा सवारी पाकिङग शुल्क वापत संझौता भएको श्री भरत अर्यालले कोभिड महामारीका कारण सवारी संचालनमा अवरोध आइ सवारी पार्किङग शुल्क उठाउन नपाएकोले उक्त अवधिको सवारी पार्किङ शुल्कमा छुट पाउनका लागि निवेदन पर्न आएकोमा आर्थिक ऐनले कर छुट दिने व्यवस्था नभएको हुंदा निजलाइ गत विगत वर्षमा कोभिड महामारीका प्रभावबाट लकडाउन भइ सवारी साधन चल्न नसकेको ९ महिनाको अवधि निजसंग भएको संझौता अनुसार कै दस्तुरमा अवधि थप गरी आगामी २०७९ साल कर्तिक महिना सम्मका लागि साविक बमोजिमकै शुल्क दस्तुर कायमहुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रमा प्रचलित कानूनको अधिनमा रही अटो संचालनका लागि रजिष्ट्रेशन गर्ने व्यवस्था मिलाउन नगरपालिकाको सहमती माग गरेकोमा हालको कोभिड महामारीबाट प्रभावित नगरवासीहरुलाइ राहत स्वरुप यस क्षेत्रमा संचालनमा रहेका अटोहरुलाइ राजमार्ग क्षेत्रमा सवारी आवागमनमा कठिनाइ नहुने गरी आवश्यक व्यवस्थापनका लागि अटो व्यवसाय नियमन गर्नेगरी नगरपालिकाको निर्देशन अनुसार उपयुक्त स्थानमा प्रचलित कानूनको अधिनमा रही संचालन इजाजत दिने गरी रजिष्ट्रेशनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा निम्नानुसारका संस्थागत विद्यालयहरुलाइ नगर शिक्षा शाखाबाट स्थलगत अनुगमनका बखत भौतिक पूर्वाधारको अवस्था उपयुक्त देखिन आएमा शैक्षिक शत्र २०७९ देखि निम्न बमोजिमका कक्षा संचालन गर्नेगरी कक्षा थपको अनुमती दिने निर्णय गरियो ।

क) नेक्सस मन्टेश्वरी स्कूल देवचुली - १३ (२०७५ मा कक्षा ३) लाई कक्षा ४ को अनुमती

ख) पाठशाला मन्टेश्वरी स्कूल देवचुली - ३ (२०७५ मा कक्षा १) लाइ कक्षा २ को अनुमती

ग) बैदिक कर्मकाण्ड आवासीय विद्यालय देवचुली -२ कक्षा ९ को अनुमती

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

## निर्णय नं. ४,

प्रस्ताव नं ४ उपर छलफल गर्दा देवचुली नगरपालिका अन्तरगतको दुम्कौली अस्पताल स्थानीय तहबाट संचालन गर्दा स्वास्थ्यकर्मी लगायत अस्पताल व्यवस्थापनमा कठिनाइ देखिएकोले उक्त अस्पताललाइ प्रदेश स्तरीय अस्पताल कायम गरी व्यवस्थित स्वास्थ्यसेवा संचालनका लागि गण्डकी प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पोखरामा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५,

प्रस्ताव नं ५ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका विभिन्न स्थानमा मौसम जन्य जोखिमलाई तत्काल व्यवस्थापन गर्न नसकेमा सडक, जग्गा जमिन कटान गरी आगामी दिनमा आवागमन लगायत वस्ती नै जोखिममा देखिन आएकोले नगरवासीहरुलाइ जोखिमको खताराबाट तत्काल व्यवस्था मिलाउन नगर स्तरीय विपत व्यवस्थापन समितिको सिफारिस अनुसार यस क्षेत्रको सम्बेदनशीलताको पहिचान भएका निम्न स्थानहरुमा खोला सोझ्याउने लगायत खोला किनारामा तटवन्धन गरी जोखिम न्यूनीकरणको आवश्यक व्यवस्था मिलाउनका लागि यस नगरपालिकाको एकल प्रयासबाट संभव नदेखिएकोले जिल्ला विपद व्यवस्थापन समिति लगायत सम्वन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

क) बौलाहाखोला पूल देखि दक्षिण तर्फ वडा नं. १ र १३ को बौलाहाखोला किनारा

ख) वौलाहाखोला पूल देखि उत्तर तर्फ वडा नं. ३, १३,५,१२,र ६ नं को बौलाहाखोला किनाराको क्षेत्र

ग) लोकाहा खोला पूल देखि दक्षिण तर्फ वडा नं. १५ को लोकाहा खोला तटवन्धन ।

घ) लोकाहा खोला पूल देखि उत्तर तर्फ वडा नं. १५ र १० को लोकाहा खोला तटवन्धन ।

ङ) मुकुन्देखोला किनाराको वडा नं. १ र २ तर्फको खोला तटवन्धन ।

## निर्णय नं. ६,

प्रस्ताव नं ६ उपर छलफल गर्दा देवचुली नगरपालिका वडा नं. १५ राजमार्ग दक्षिणको राजमार्गसंग जोडिएको लोकाहा खोला पूर्व तर्फको सार्वजनिक जग्गा नवलपरासी पूर्वका लागि अत्यधुनिक ट्रमा सेण्टर निर्माणका लागि कार्यापालिकाबाट प्रस्ताव गरिएको सो स्थानमा अस्थायी प्रहरी चौकी दलदले पूर्व पश्चिम राजमार्ग विस्तारको क्रममा विस्तापित हुने अवस्था रहेको कारण सोही ठाउंमा जिल्ला प्रहरी कार्यालयबाट समेत प्रहरी चौकी निर्माणका लागि माग भइ आएको देखिएको हुंदा आवश्यकताको पहिचान गरी गण्डकी प्रदेश सरकारबाट स्थलगत अनुगमनका बखत ट्रमा सेण्टर निर्माणमा उपयुक्तता पहिचान भएका बखत सो स्थानमा ट्रमा सेण्टरलाइ आवश्यक पर्ने जग्गा उपलब्ध गराई बांकी रहने जग्गामा प्रहरी चौकी निर्माणका लागि जग्गा उपलब्ध गराउने व्यवस्थाका लागि वडा नं १५ को वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. ७,

प्रस्ताव नं ७ उपर छलफल गर्दा देवचुली नगरपालिकाबाट आ.व. २०७८/०७९ को सि.नं. १८९ मा पदाधिकारी तथा कर्मचारी अध्ययन अबलोकन भ्रमण बापत विनियोजित रकम रु, ८ लाखबाट स्थानीय तहका पदाधिकारीहरु अध्ययत अवलोकन भ्रमणमा जांदा नपुग हुन गएको रकम रु, १ लाख ७५ हजार रकम सि.नं.२९ मा विनियोजित कर्मचारी पर्यटन खर्च रकम रु, १४ लाख मध्येबाट रकमान्त गरी पूर्ति गर्ने र बांकी रकम संघीय सरकारबाट कर्मचारी आन्तरिक पर्यटक कार्यविधि तयार भइ नसकेको कारण स्थानीय तहको कार्यविधि बन्न नसकी बचत हुन गएको उल्लेखित रकम मध्येबाट कर्मचारीहरु अध्ययन अबलोकन भ्रमणमा जांदा खर्च भएको रकम रु, ७ लाख रुपैया रकमान्तर गरी कर्मचारी अध्ययन अवलोकन भ्रमण बापत खर्च भएको बील बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ८,

प्रस्ताव नं. ८ उपर छलपलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लग.त संकलन सम्वन्धी कार्यविधि २०७८ को दफा ४ मा व्यवस्था भए अनुसार उक्त कार्यलाई सहजीकरण गर्ने कार्यमा तपसिलमा उल्लेखित पदाधिकरीहरु रहेको एक नगर स्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

(क) देवचुली नगरपालिकाको नगर प्रमुख -..........................................................संयोजक

(ख) देवचुली नगरपालिकाको नगर उप प्रमुख - ............................................ उप संयोजक

(ग) सम्वन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिकि दलले खटाएको एक/एक जना प्रतिनिधि -........................................................... ...सदस्य

(घ) कार्यपालिका सदस्य मध्येवाट दलित सदस्य श्री कमला दर्मै सदस्य

(ङ) अल्पसंख्यक सदस्य मध्येबाट सदस्य श्री भोज बहादुर माझी सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(यस नगर क्षेत्रमा क्रियाशील किसान,सुकुम्वासी,भूमि,वसोवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले कम्तीमा एक महिला र एक दलित सहित ३ जना मनोनयन गर्न सक्नेछ ।)

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत